# स्तनपान परामर्श सेवा कार्यक्रम संचालन

# सन्दर्भ सामाग्री

**(उदेश्य, भइरहेको कार्यहरु, संचालन प्रकिया)**

## १. स्तनपान परामर्श सेवा कार्यक्रमको उदेश्य

यसको उदेश्य देहाय बमोजिम हुनेछन् :

(क) स्तनपानको प्रवर्द्धन, संरक्षण तथा स्तनपानमैत्री वातावरण बनाउन सहयोग प्रदान गर्न ।

(ख) आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (विकि वितरण नियन्त्रण) ऐन २०४९ र नियमावली २०५१ को कार्यान्वयनमा सहयोग गर्न ।

(ग) शिशु जन्मिने वित्तिकै स्तनपान गराउन प्रोत्साहन गर्न, स्तनपान सम्बन्धि कठिनाईहरुको पहिचान गरी समाधान गर्न, जन्मिने वित्तिकै आमाको नाङ्गो छातीमा राख्न, सुरुवाती अवस्था देखि नै सहि आसन र सम्पर्कमा स्तनपान गराउन सहयोग गर्न ।

## २. स्तनपानको प्रवर्द्धन, संरक्षण र सहयोगका लागि भइरहेको कार्यहरु

नेपाल सरकारले स्तनपानलाई प्रवर्द्धन, संरक्षण र सहयोग गर्न तथा सबै प्रकारका कुपोषण न्युनीकरणका लागि विभिन्न कार्यक्रमहरु गर्दै आइरहेको छ ।

(क) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विकी वितरण नियन्त्रण) ऐन २०४९ र नियमावली, २०५१ का प्रावधानहरुको कार्यान्वयन गरि स्तनपानलाई प्रवर्द्धन, संरक्षण र सहयोग गर्ने कार्य भइरहेको छ । त्यसका लागि निरिक्षकहरुको नियुक्ति भइसकेको छ ।

(ख) पूर्ण स्तनपानलाई सहयोग गर्न सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १३ मा सरकारी, गैरसरकारी वा नीजि संघ संस्थामा कार्यरत महिलालाई कम्तिमा ९८ दिनसम्म तलब सहितको प्रसुती विदा तथा चिकित्सकको सिफारिसमा बढिमा एक वर्षसम्मको बेतलबि विदाको व्यवस्था भएको छ । त्यसतै दफा १४ मा सरकारी, गैरसरकारी वा नीजि संघ संस्थामा कार्यरत महिलालाई विशेषज्ञ चिकित्सकको राय बमोजिम प्रजनन् स्वास्थ्य रुग्णताको कारणले जटिल शल्यकिया गर्नु पर्ने भएमा त्यस्तो शल्यकिया हुनु अघि वा पछि कम्तीमा तीस दिनसम्मको तलब सहितको अतिरिक्त विदा दिनु पर्ने व्यवस्था छ ।

(ग) स्तनपान गराइरहेकी कामकाजी आमाहरुलाई कार्यालय समयभित्र सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १३ (३) अनुसार सरकारी गैरसरकारी वा नीजि संघ संस्थाले आफ्नो कार्यालय समयमा आमाको दूध खुवाउनको लागि आवश्यक व्यवस्था मिलाउनु पैरवी भइरहेको छ ।

(घ) स्तनपानलाई प्रवर्द्धन, संरक्षण र सहयोग गर्न हरेक स्थानीय तहहरुमा स्तनपान कक्षको स्थापना गरिएको छ । सेवाग्राहीको भिडभाड हुने स्थानमा स्तनपान कक्षको स्थापना गरि स्तनपानलाई प्रवर्द्धन, संरक्षण र सहयोग गर्ने काम भइरहेको छ। स्तनपान कक्ष को कार्यविधि २०८० निर्माण भएको छ।

(ङ) अस्पतालहरुमा स्तनपानलाई प्रवर्द्धन गर्न आमाको दूधलाई प्रतिस्थापन गर्ने बस्तुको (बिक्री वितरण नियन्त्रण) गर्न मातृ तथा शिशु मैत्री अस्पतालका रुपमा विकास गर्ने अभियान विस्तार भइरहेको छ।

(च) सबै स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुमार्फत स्तनपानका बारेमा आमा तथा परिवारका सदस्यहरुलाई नियमित परामर्श तथा सचेतना अभिवृद्धि भइरहेको छ।

(छ) स्तनपानको प्रवर्द्धन, संरक्षण र सहयोग गर्न तथा कृतिम दूधको उपभोगलाई निरुत्साहित गरी शिशुको सर्वाङ्गिण विकासमा योगदान गर्न परोपकार प्रसुती तथा स्त्रीरोग अस्पतालमा वृहत स्तनपान व्यवस्थापन केन्द्र स्थापना तथा सञ्चालन गर्ने निर्णय भएको छ।

**३. स्तनपान परामर्श सेवा कार्यक्रमको सञ्चालन :** स्तनपान परामर्श सेवा कार्यक्रमको सञ्चालन देहाय बमोजिम हुनेछ :

(क) स्तनपान परामर्श सेवा कार्यक्रम सञ्चालनका लागि मात्र तथा शिशु मैत्री अस्पताल र प्रसुती संख्या धेरै रहेको अस्पताल छनौट गरिनेछ । अनुसूची १ मा भएका अस्पतालहरु हाललाई छनौट गरिनेछन् । आर्थिक स्रोतको सुनिश्चितता सँगै अस्पतालहरुको संख्या थप गर्न सकिनेछ।

(ख) स्तनपान परामर्श सेवा कार्यक्रम सञ्चालनका लागि सम्बन्धित प्रत्येक अस्पतालमा दुई जना (२) स्तनपान परामर्शकर्ता (Breastfeeding Counsellors) अनुसुची २ अनुसार छनौट गरिनेछ।

(ग) स्तनपान परामर्श सेवा कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवहार परिवर्तनका समाग्रीहरु परिवार कल्याण महाशाखाले युनिसेफ नेपाल र राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना संचार केन्द्र (NHEICC) को सहयोगमा उपलब्ध गराउनेछ।

(घ) यस कार्यक्रम संचालनका लागि अस्पतालका मेट्रोन/ नर्सिङ्ग प्रमुख/ नर्सिङ्ग इन्चार्जलाई नेतृत्व तथा जिम्मेवारी तोक्नुपर्नेछ।

(ङ) यस परामर्श सेवा वापत अस्पतालले कुनै प्रकारको शुल्क लिन पाइनेछैन्।

(च) स्तनपान परामर्श सेवा कार्यक्रम संचालनका लागि हाललाई पाँच महिना (५ महिना) स्तनपान परामर्शकर्ताको लागि बजेट युनिसेफ नेपाल क्षेत्रिय कार्यलयले उपलब्ध गराउनेछ।

## स्तनपान परामर्शका लागि स्तनपान परामर्शकर्ता सम्बन्धि व्यवस्था

**४. <u>स्तनपान परामर्शकर्ताको छनौटः</u>** स्तनपान परामर्शकर्ताको छनौट व्यवस्था देहाय बमोजिमको हुनेछ :

(क) सम्बन्धित अस्पतालले करार सेवामा स्टाफ नर्स सहायक पाँचौ स्तरको स्तनपान परामर्शकर्ताको रुपमा छनौट गरि नियुक्त गर्नुपर्नेछ।

(ख) स्तनपान परामर्शकर्ता नियुक्ती गर्नको लागि अनुसुची ३ को ढाँचामा कम्तिमा सात दिनको म्याद राखी सम्बन्धित अस्पतालले विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

(ग) उम्मेदवारले अनुसुची ४ बमोजिमको फाराम भरी सम्बन्धित अस्पतालमा तोकिएको म्याद भित्र निवेदन पेश गर्नुपर्नेछ ।

(घ) निवेदन दस्तुर लिइनेछैन् ।

(ङ) अनुसुची ४ बमोजिम पर्न आएका निवेदनहरु उपर अस्पतालमा रहेको पदपुर्ति समितिले मुल्याँकन गर्नुपर्नेछ ।

(च) सम्बन्धित अस्पतालको पदपूर्ति समितिले योग्यता क्रमको आधारमा उम्मेदवारको नामको सूची प्रकाशन गर्नुपर्नेछ ।

(अस्पतालमा पदपूर्ति समिति नभएको खण्डमा मे.सु.को संयोजकत्वमा, मेट्रोन/ नर्सिङ्ग प्रमुख/ नर्सिङ्ग इन्चार्ज र अस्पताल प्रशासनबाट तोकिएको १ जना, जम्मा ३ सदस्यीय समिति गठन गर्ने)

**५. करार गर्ने र करार अन्त्य गर्ने:** करार गर्ने र करार अन्त्य गर्ने सम्बन्धित व्यवस्था देहाय बमोजिमको हुनेछ :

(क) सिफारिस गरेको मुख्य उम्मेदवारलाई सात दिनको म्याद दिई सम्बन्धित अस्पतालले करारनामा गर्न सुचना प्रकाशन गर्नुपर्नेछ ।

(ख) तोकिए बमोजिमको अवधि भित्र करार सम्झौता गर्न सिफारिस भएको उम्मेदवारसंग अनुसुची ६ बमोजिमको ढाँचामा करार सम्झौता गर्नुपर्नेछ । उक्त अवधि भित्र छनौट भएको व्यक्ति सम्पर्क राख्न नआएमा क्रमश: वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार सम्झौता गर्न सक्नेछ ।

(ग) करार सम्झौता गर्दा काम गर्ने सुरु मिति र अन्त्य हुने मिति समेत उल्लेख गर्नुपर्नेछ ।

(घ) करारमा लिएको स्तनपान परामर्शकर्तालाई करार म्याद निरन्तरताको लागि कार्य सम्पादन मुल्यांकनको आधारमा सन्तोषजनक देखिएमा नविकरण गर्न सकिनेछ । स्तनपान परामर्शकर्ताको कार्य सन्तोषजनक नदेखिएमा सफाईको मौका दिई निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा जुनसुकै समयमा पनि सम्बन्धित अस्पतालले निज सँगको करारनामा अन्त्य गर्न सक्नेछ ।

(ङ) स्तनपान परामर्शकर्ताले करार निरन्तरता गर्न नचाहेमा कम्तिमा एक महिना अगाडी सम्बन्धित अस्पतालमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराइ काम छाडेमा त्यस्तो व्यक्तिलाई सम्बन्धित अस्पतालले पुन: सोही कामको लागि करारमा काम गर्ने अवसर दिनेछैन ।

(च) अन्य कुराहरुको हकमा प्रचालित कानुन बमोजिम हुनेछ ।

**६. स्तनपान परामर्शकर्ताको काम, पारिश्रमिक र क्षमता अभिवृद्धि:**

(क) स्तनपान परामर्शकर्ताको काम र कर्तव्य अनुसूची ५ बमोजिम हुनेछन ।

(ख) यस कार्यविधि बमोजिम करार सम्झौता गरिएका स्तनपान परामर्शकर्ताको मासिक पारिश्रमिक कम्तिमा नेपाल सरकारको स्वास्थ्य सेवाको (सहायक पाँचौ स्तर) स्टाफ नर्सको सुरुको तलब स्केल हुनेछ ।

(ग) स्तनपान परामर्शकर्ताले महिनाभरि गरेको कामको प्रतिवेदन र रुजु हाजिर प्रमाणित गरि सम्बन्धित अस्पतालमा पेश गरेपछि अस्पतालले तलब भत्ता बराबरको रकम स्तनपान परामर्शकर्ताको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

(घ) स्तनपान परामर्शकर्ताको अभिमुखिकरण तालिम परिवार कल्याण महाशाखा वा सम्बन्धित अस्पतालले संचालन गर्नुपर्नेछ, र कार्यक्षेत्र सग सम्बन्धित तालिममा अस्पतालले सहभागी गराउनुपर्नेछ ।

(ङ) स्तनपान परामर्शकर्ताले प्रचलित कानुन बमोजिमको प्रसूति विदा, आ/आफ्नो धर्म संस्कारअनुसार किरिया विदाका साथै एक वर्षमा भैपरी र पर्व विदा गरि १२ दिन पनि पाउनेछ । भैपरि र पर्व विदा सम्बन्धित अस्पतालको प्रमुखले स्वीकृत गर्ने र अन्य विदाको हकमा सम्बन्धित अस्पतालले स्वीकृत गर्न सक्नेछ ।

## अभिलेखीकरण अनुगमन र मूल्यांकन

### ७. अभिलेखीकरण :

(क) स्तनपान परामर्शकर्ताले आफूले गर्नुपर्ने कामको प्रतिवेदन तयार गरी अस्पतालको मेट्रोन/ नर्सिङ्ग प्रमुख/ नर्सिङ्ग इन्चार्ज संग प्रमाणीत गराई रुजु हाजिर संगै अस्पताल प्रमुखलाई प्रत्येक महिनाको ७ गते भित्र पेश गर्नुपर्नेछ साथै त्रैमासिक प्रतिवेदन तयार गरि परिवार कल्याण महाशाखामा पेश गर्नुपर्नेछ ।

(ख) सम्बन्धित अस्पतालले HMIS 3.6 अद्यावधिक गरेको सुनिश्चित गर्नुपर्नेछ ।

### ८. सुपरिवेक्षण, अनुगमन र मूल्यांकन :

स्तनपान परामर्शकर्ताको कामहरुको सुपरिवेक्षण, अनुगमन र मूल्यांकन अस्पातालको मेट्रोन/ नर्सिङ्ग प्रमुख/ नर्सिङ्ग इन्चार्ज, मे.सु. तथा परिवार कल्याण महाशाखाले आवश्यकता अनुसार गर्नेछ ।

९.अस्पतालको आवधिक समीक्षाहरु तथा अन्य स्तनापन सम्बन्धि कार्यक्रमहरुमा स्तनपान परामर्शकर्ताहरुलाई सहभागी गराउनु पर्नेछ ।

## अनुसूचिहरु

## अनुसूचि १

### स्तनपान परामर्श सेवा कार्यक्रम संचालन हुने अस्पतालहरुको सूचि

**१. स्तनपान परामर्श सेवा कार्यक्रम संचालन हुने अस्पतालहरुको सूचि देहाय बमोजिम छन् :**

(**क**) प्रादेशिक अस्पताल भद्रपुर, झापा

(**ख**) कोशी अस्पताल, विराटनगर, मोरङ्ग

(**ग**) गजेन्द्र नारायण सिंह अस्पताल राजविराज, सप्तरी

(**घ**) प्रादेशिक अस्पताल जनकपुर**, धनुषा**

(**ङ**) नारायणी अस्पताल विरगंज, पर्सा

(**च**) मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौडा अस्पताल, मकवानपुर

(**छ**) पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर

(**ज**) त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगंज, काठमाडौं

(**झ**) भरतपु अस्पताल, चितवन

(**ञ**) पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, कास्की

(**ट**) लुम्बिनि प्रादेशिक अस्पताल, बुटवल, रुपन्देही

(**ठ**) राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङ्ग

(**ड**) प्रादेशिक अस्पताल सुर्खेत

(**ढ**) भेरी अस्पताल नेपालगंज, बाँके

(**ण**) कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला

(**त**) डडेलधुरा अस्पताल, डडेलधुरा

(**थ**) सेती प्रादेशिक अस्पताल, धनगढी

(**द**) महाकाली प्रादेशिक अस्पताल महेन्द्रनगर, कञ्चनपुर

## अनुसूचि २

## स्तनपान परामर्शकर्ताको छनौट प्रकिया

**२. स्तनपान परामर्शकर्ताको योग्यता**

**(१) स्तनपान परामर्शकर्ताको रुपमा स्टाफ नर्स (सहायक पाँचौ स्तर) को योग्यता देहाय वमोजिम हुनेछ**

(क) नेपाली नागरिक भएको हुनुपर्ने

(ख) न्यूनतम शैक्षिक योग्यता : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रवीणता प्रमाण तह उत्तीर्ण गरेको

(ग) उमेर : ४५ वर्ष ननाघेको

(घ) नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको (Staff Nurse)

(ङ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको

(च) सम्बन्धित स्थानीय तहका उम्मेदवारलाई प्राथमिकता दिइने

**(२) स्तनपान परामर्शकर्ताको छनौट प्रकिया**

(क) स्तनपान परामर्शकर्ताको छनौट प्रकिया देहाय बमोजिम हुनेछ

| क.स. | छनौट प्रकियाहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता | १५ |
| | विशिष्ट श्रेणी (१५) | |
| | प्रथम श्रेणी (१०) | |
| | दोस्रो र तृतीय श्रेणी (५) | |
| २ | बसोबासको आधार | ५ |
| | सम्बन्धित स्थानीय तहको बासिन्दा भएमा (५) | |
| | सम्बन्धित जिल्लाको बासिन्दा भएमा (३) | |
| | सम्बन्धित प्रदेशको बासिन्दा भएमा (२) | |
| | सम्बन्धित प्रदेशभन्दा बाहिरको बासिन्दा भएमा (१) | |
| ३ | अन्तरवार्ता | ३० |
| | **जम्मा** | **५०** |

(१) शैक्षिक योग्यता, बसोबास र अन्तरवार्ताको आधारमा माथि तालिकामा उल्लेख गरिए वमोजिमको अनुपातमा अंक प्रदान गरिनेछ ।

(२) अन्तरवार्ताको अंक प्रदान गर्दा न्यूनतम बाह्र र अधिकतम एक्काइसको सीमाभित्र रही प्रदान गर्नुपर्ने छ । सो भन्दा बढी वा घटी अंक प्रदान गरेको खण्डमा औचित्य पुष्टि हुने कारण उल्लेख गर्नु पर्नेछ ।

# अनुसूचि ३

## करार सेवामा लिने सम्बन्धि सूचनाको ढाँचा

### ३. करार सेवामा लिने सम्बन्धि सूचनाको ढाँचा

(सूचना प्रकाशित मिति : २०८..../ .. /..

यस .......................................... अस्पतालको स्तनपान परामर्श कार्यक्रमको लागि देहाय बमोजिमका स्तनपान परामर्शकर्ताको रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र .............बजेसम्म ..... दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट ................................................बाट उपलब्ध हुनेछ ।

### न्यूनतम शैक्षिक योग्यता र अनुभव

(क) नेपाली नागरिक भएको हुनुपर्ने

(ख) न्यूनतम शैक्षिक योग्यता : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रवीणता प्रमाण तह उत्तीर्ण गरेको

(ग) उमेर : ४५ वर्ष ननाघेको

(घ) नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको (Staff Nurse)

(ङ) सम्बन्धित स्थानीय तहका उम्मेदवारलाई प्राथमिकता दिइने

(च) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको

(छ) दस्खास्तमा संलग्न गर्नुपर्ने कागजातहरु :

(१) उम्मेदवारको व्यक्तिगत विवरण,

(२) शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपिहरु

(३) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

(४) प्रचलित नेपालको कानुन बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपि

पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ । छनौट शैक्षिक योग्यता, स्थानियता र अन्तर्वार्ताको आधारमा गरिनेछ ।

# अनुसूचि ४

## करारको लागि दरखास्त फारामको ढाँचा

| |
|---|
| हालसाले खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरि उम्मेदवारको दस्तखत |

...................... अस्पताल

**(क) वैयत्तिक विवरण**

| | | | | |
|---|---|---|---|---|
| नाम थर | (देवनागरीमा) | ............................................... | | |
| | (अंग्रेजी ठूलो अक्षरमा) | ................................................. | | लिङ्ग : ....................... |
| जन्म मितिः | ..................(वि.स.) .................. (ई.स.) | | | हालको उमेरः ........... वर्ष |
| नागरिकता नं. | ................... | जारी गर्ने जिल्लाः | ................ | मितिः .................... |
| स्थायी ठेगाना | क) जिल्ला | ख) म.न.पा./उप म.न.पा/ म.न.पा/गा.पा.को नाम | ग) वडा नं. | स्थायी ठेगानाः ....................................... .................................... |
| | ................ | ............................. | ............. | |
| पत्राचार गर्ने ठेगानाः | .................................................................... | | | ईमेलः .................................... |
| बाबुको नाम, थरः | | | | |
| आमाको नाम, थरः | | | | |
| बाजेको नाम, थरः | | | | |

**(ख) शैक्षिक योग्यता र तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिममात्र उल्लेख गर्ने)**

| आवश्यक न्यूनतम शैक्षिक योग्यता | विश्व विद्यालय र वोर्ड तालिम दिने संस्था | शैक्षिक उपाधि र तालिम | संकाय | श्रेणी/ प्रतिशत | मुल विषयहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| तालिम विवरण | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सँजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला । उम्मेदवारले पालना गर्ने भनि प्रचालित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पलना गर्न मन्जुर छु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समय भन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा एक महिना पूर्व कार्यालयमा निवेदन दिनेछु ।

| **उम्मेदवारको ल्याप्चे सहीछाप** | |
|---|---|
| दाँया | बायाँ |
| **कार्यालयले भर्ने** | |
| रोल नं................................ | |
| दरखास्त अस्वीकृत भए सो को कारण | ........................................................ |
| दरखास्त रुजु गर्नेको<br>नाम<br><br>दस्तखत<br>मितिः ..................................... | दरखास्त स्वीकृत /अस्वीकृत गर्नेको<br>नाम<br><br>दस्तखत<br>मितिः ...................................... |

**नोट :** दरखास्त साथ सूचनामा उल्लेखित निम्नलिखित कागजातहरु ऋनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) समकक्षता र सम्बद्ध आवश्यकत पर्नेमा सो को प्रतिलिपि,

(३) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्र

(४) चारित्रिक प्रमाण पत्रको प्रतिलिपि,

(५) सम्बन्धित काउन्सिलको प्रमाण पत्रको प्रतिलिपि

(६) सम्बन्धित स्थानीय तहमा बसोबास गरेको प्रमाण देखिने कागजातहरु (जस्तै विवाह दर्ता आदि)

## अनुसूचि ५

## स्तनपान परामर्शकर्ताको कार्य विवरण

**स्तनपान परामर्शकर्ताको कार्य विवरण/ जिम्मेवारी**

- सम्बन्धित अस्पतालमा स्तनपानको प्रवर्द्धन, संरक्षण तथा सहयोग गर्ने
- अस्पताललाई स्तनपानमैत्री वातावरण बनाउन गर्भजाँचको समय देखि नै गर्भवती महिलालाई स्तनपान बारे जानकारी गराई मानसिक रुपमा स्तनपानको लागी सक्षम बनाउन सहयोग गर्ने
- अस्पतालको SNCU/NICU/PNCU, OT, Post Operative ward (Maternity), Paediatric Ward, प्रसुती कक्ष, आदिमा सुत्केरी आमालाई स्तनपानको सिफारिस गरिएका व्यवहारहरुलाई प्रवर्द्धन गर्ने
- शिशु जन्मिने वित्तिकै आमाको नाङ्गो छातीमा राख्न वातावरण मिलाउने
- शिशु जन्मिने वित्तिकै स्तनपान गराउन प्रोत्साहित गर्ने अस्पतालमा वातावरण श्रृजना गर्ने साथै आमा तथा परिवारलाई परामर्श गर्ने, प्रोत्साहन गर्ने
- शिशु जन्मिने वित्तिकै आमालाई स्तनपानको सहि आसन र सम्पर्कबारे जानकारी गराउने, स्तनपान गराउन सहयोग गर्ने
- कामकाजी आमाहरुको पहिचान गर्ने र कार्यस्थलमा नै स्तनपान गराउनका लागि कामकाजी आमाहरुलाई दुध निखारेर भण्डारण गर्न, ख्वाउन सिकाउने, सहयोग गर्ने साथै प्रवर्द्धन गर्ने
- स्तनपान कक्ष संचालन कार्यविधि २०८० अनुसार स्तनपान कक्ष संचालन भएको सुनिश्चित गर्ने
- आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (विकि वितरण नियन्त्रण) ऐन २०४९ र नियमावली २०५१ को कार्यान्वयनमा सहयोग गर्ने
- स्तनपान सम्बन्धि कठिनाईहरुको पहिचान गरी समाधान गर्ने
- अस्पतालमा वृहत स्तनपान व्यवस्थापन केन्द्र, स्तनपान व्यवस्थापन इकाई तथा स्तनपान सहयोग इकाई संचालन गर्न सहयोग गर्ने
- अवधि नपुगेका, कम तौल जन्मेका शिशुहरुलाई आफ्नै आमाको दूध ख्वाउन परामर्श सेवा प्रदान गर्ने
- संस्कृति सुहाउदो आवश्यक शिक्षा सामाग्री निर्माण गर्ने, अस्पतालमा शिक्षा सामाग्रीको प्रदर्शनी गर्ने
- स्तनपान प्रर्वद्धन, संरक्षण र सहयोगको लागि स्तनपान सप्ताह मनाउने
- मासिक रुपमा प्रगति विवरण सम्बन्धित अस्पताल तथा परिवार कल्याण महाशाखामा पेश गर्ने ।
- HMIS 3.6 लाई अद्यावधीक गरेको सुनिश्चित गर्ने ।
- मातृशिशु मैत्री सेवा प्रवाह भएको सुनिश्चित गर्ने ।
- स्तनपान संग सम्बन्धित सबै कार्यमा अस्पताललाई सहयोग पुर्याउने ।
- आवश्यकता अनुसार अस्पतालले लाईअरायको काम समयमै, गुणस्तरीयता प्रदान गरि पुरा गर्नु पर्नेछ ।

## अनुसूचि ६

## स्तनपान परामर्शकर्ता र अस्पताल बीचको सम्झौताको ढाँचा

### ६. स्तनपान परामर्शकर्ता र अस्पताल बीचको सम्झौताको ढाँचा

लिखितम ............. जिल्ला ................ महानगरपालिका ⁄ उपमहानगरपालिका⁄ नगरपालिका ⁄गाउँपालिकामा रहेको .......................... अस्पताल (यसपछि प्रथम पक्ष भनिएको) र ........................... स्तनपान परामर्शकर्ता श्री ................................ (यसपछि दोस्रो पक्ष भनिएको) बीच भएको यस सम्झौता पत्र अनुसार देहायको शर्तको अधीनमा रही सेवा उपलब्ध गराउन दुवै पक्षको अधिार प्राप्त अधिकारीको संयुक्त दस्तखत गरी दुवै पक्षले एक⁄एक प्रति दियौं⁄लियौ.।

**सम्झौताका शर्त**

१.स्तनपान परामर्शकर्ताको नियुक्ति करार सेवाको रुपमा सहायक पाँचौ स्तरमा गरिनेछ।

२. स्तनपान परामर्शकर्ता नियुक्ति, तलब भत्ता, वृत्ति विकास तथा सेवा सुविधा सम्बन्धी व्यवस्था सम्बन्धित अस्पतालले गर्ने

३. स्तनपान परामर्शकर्ताको तलब भत्ता नेपाल सरकारको नियमानुसार गर्ने।

४. आर्थिक सहयोग युनिसेफ नेपाल केन्द्रिय कार्यालय वा युनिसेफ फिल्ड कार्यालयले सम्बन्धित अस्पताललाई भेन्डर बनाई Direct Cash Transfer मार्फत प्रदान गर्नेछ।

५. स्तनपान परामर्शकर्तालाई परामर्श सेवा प्रदान गर्न आवश्यक समाग्रीहरु परिवार कल्याण महाशाखाले युनिसेफ नेपालको सहयोगमा उपलब्ध गराउनेछ।

६. स्तनपान परामर्शकर्ताले प्रदान गर्ने सेवाको नियमित अनुगमन, मूल्यांकन तथा नियमन सम्बन्धित अस्पतालको मेट्रोन⁄ नर्सिङ्ग प्रमुख⁄ नर्सिङ्ग इन्चार्जले गर्नुपर्नेछ। सम्बन्धित अस्पतालको मेट्रोन⁄ नर्सिङ्ग प्रमुख⁄ नर्सिङ्ग इन्चार्जको प्रत्यक्ष निर्देशनमा रही काम गर्नुपर्नेछ। साथै स्त्रीरोग विशेषज्ञ तथा बालरोग विशेषज्ञको समन्वयमा रही कामकाज गर्नुपर्नेछ।

७. स्तनपान परामर्शकर्ताले प्रचलित कानुन बमोजिमको प्रसूति विदा, आ⁄आफ्नो धर्म संस्कारअनुसार किरिया विदाका साथै एक वर्षमा भैपरी र पर्व विदा गरि १२ दिन पनि पाउनेछ।

८. आर्थिक स्रोतको सुनिश्चितताको आधारमा अस्पतालले कार्यावधि थप गर्न सक्नेछ।

९. स्तनपान परामर्शकर्ताको कार्य सन्तोषजनक (ToR अनुसार) नभएमा सम्बन्धित अस्पतालले सम्झौता जुनसुकै बेला पनि भंग गर्न सक्नेछ। साथै स्तनपान परामर्शकर्ताकाले सम्झौता भंग गर्नुपर्ने भएमा एक महिना अगावै लिखित जानकारी गराउनुपर्नेछ।

१०. स्तनपान परामर्शकर्ताले आफूले गर्नुपर्ने कामको प्रतिवेदन तयार गरी अस्पतालको मेट्रोन/ नर्सिङ्ग प्रमुख/ नर्सिङ्ग इन्चार्ज संग प्रमाणीत गराई रुजु हाजिर संगै अस्पताल प्रमुखलाई प्रत्येक महिनाको ७ गते भित्र पेश गर्नुपर्नेछ। सम्बन्धित अस्पतालले HMIS 3.6 अद्यावधिक गरेको सुनिश्चित गर्नुपर्नेछ।

११. यसै सम्झौता पत्रसाथ संलग्न स्तनपान परामर्शकर्ताको काम र कर्तव्य अनुसूची ५ बमोजिम गर्नुपर्नेछ।

प्रथम पक्ष

अस्पतालको तर्फबाट

प्रशासन प्रमुख

नाम :

सही

दोस्रो पक्ष

स्तनपान परामर्शकर्ता

नाम :

सही

इति सम्बत् ...............साल .................महिना ............... गते ..............रोज शुभम